# सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) नियमहरु, २०२१

(मिति २०७४ फागुन मसान्तसम्म भएका संशोधन समेत मिलाइएको )

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) नियमहरु, २०२१

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२१।१२।३०

संशोधन

| | |
|---|---|
| १. सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) (पहिलो संशोधन) नियमहरु, २०२६ | २०२६।२।२७ |
| २. सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) (दोश्रो संशोधन) नियमहरु, २०३४ | २०३५।१।४ |
| ३. सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० | २०७०।१।३० |

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यी नियमहरुको नाम "सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) नियमहरु, २०२१" रहेको छ ।

❖(२) यी नियमहरु नेपाली सेनाका सुबेदार, जमदार अरु दर्जा (कम्वाटेण्ट) र एन.सी. (नन कम्वाटेण्ट) लाई लागू हुनेछ ।

(३) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

✂.............

(ख) "मनोरञ्जन अनुदान" भन्नाले नेपाली सेनाका जवानहरुको मनोरञ्जनको निमित्त चाहिने सामानहरु जस्तै खेलकूद, बाजा, रेडियो, रेकर्ड प्लेयर, समाचार-पत्र र किताब आदिमा खर्च गर्न पनि प्रदान गरेको सुविधालाई सम्झनु पर्छ ।

३. मनोरञ्जन सुविधा पाउने र माग गर्नुपर्ने सम्बन्धमा : मनोरञ्जन सुविधा सेनाको व्याटल अर्डर (Battle order) मा तोकिएको फर्मेशन, युनिट, सबयुनिटको नफ्री बमोजिम दिइनेछ ।

❖ पहिलो संशोधनद्वारा संशोधित ।

✂ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा झिकिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. मनोरञ्जन अनुदान पाउने : (१) इस्टाब्लिसमेण्ट बमोजिम फर्मेशन, युनिट, सव-युनिटको नफ्रीलाई मात्र मनोरञ्जन सुविधाको अधिकार प्राप्त हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई वर्षको *तीन रुपैयाँको दरले मनोरञ्जन सुविधा प्रदान गर्न सकिनेछ ।

(३) कुनै युनिटको नफ्री एक सय जवानभन्दा घटी भएमा उक्त सवयुनिटले पाउने रकममा रु. ५०।- पचास रुपैयाँसम्म थप र तीन सयसम्म नफ्री भएका सवयुनिटलाई रु. २५।- पच्चीस रुपैयाँसम्म थपको दरले सुविधा रकम प्रदान गर्न सकिनेछ ।

(४) सैनिक अस्पतालको इस्टाब्लिसमेण्टले पाउने मनोरञ्जन सुविधाको अतिरिक्त वार्षिक मनोरञ्जन रकम रु. २००।- दुईसय रुपैयाँ रोगीहरुको निमित्त छुट्टै थप गर्न सकिनेछ ।

(५) दुर्गमस्थान वा अनकण्टार वा एकलासे ठाउँमा साना साना टुकडिमा रहेको नेपाली सेनाका अङ्गहरुको निमित्त आफ्नो युनिट वा सवयुनिटबाट पाउने मनोरञ्जन सुविधाको थपमा वार्षिक खर्च रु. ५०।- पचास रुपैयाँसम्म छुट्टै थप दिन सकिनेछ ।

(६) जङ्गी अड्डा वा कुनै फर्मेशनद्वारा प्रतियोगितात्मक खेलकूद वा कुनै किसिमको मनोरञ्जन कार्य गर्न गराउन परेमा रु. २०००।- दुई हजार रुपैयाँसम्म विशेष मनोरञ्जन सुविधाको निमित्त ◆जङ्गी अड्डालाई जिम्मा दिन सकिनेछ ।

५. अन्य व्यवस्था मिलाउने अधिकार : यी नियमहरु बमोजिम व्यहोरिने रकमको बाँडफाँड र अन्य व्यवस्था मिलाउने अधिकार प्रधान सेनापतिमा निहीत रहनेछ ।

तर आवश्यक परेमा निजले यस कामको निमित्त तोकेको कुनै अधिकृत वा विभागलाई सुम्पन सक्नेछ ।

६. स्वीकृत बजेटको रुपैयाँको व्यवस्था : सेना सप्लाई डिपोले स्वीकृत बजेट बमोजिमको रकम कौसी तोषाखाना मार्फत् जिम्मेवारी लिनेछ र सो रकम प्रधान सेनापतिको नाउँमा हस्तेवारी खर्च लेखिनेछ ।

कानून किताब व्यवस्था समिति मन्त्रालय

* दोस्रो संशोधनद्वारा संशोधित ।

◆ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

७. मिन्हा गर्ने अधिकार : यी नियमहरुको अधीनमा रही प्रधान सेनापतिले स्वीकृत बजेटको अङ्कमा ननाघ्ने गरी सो मनोरञ्जन अनुदानको रकम बाँडफाँड गर्न सक्नेछ र सो रकम खर्च भएको मनासिब वेमनासिब जाँची वा जँचाई ठीक ठहराएमा मिनाहा गर्न सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

टिप्पणी:- १. केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा “अफिसर” को सट्टा “अधिकृत”, सैनिक (दोस्रो संशोधन) ऐन, २०४० द्वारा “आर्मि” को सट्टा “सेना” तथा सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा “शाही सेना” को सट्टा “शाही नेपाली सेना” राखी रुपान्तर गरिएको छ ।

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा “श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” राखी रुपान्तर गरिएको ।

३. सैनिक ऐन, २०६३ द्वारा “शाही नेपाली सेना” को सट्टा “नेपाली सेना” राखी रुपान्तर गरिएको ।

४. सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा नियमहरुको ठाँउ ठाँउमा रहेका “शाही” भन्ने शब्द झिकिएको ।